# निरन्तर विद्यार्थी मूल्याङ्कन : सिद्धान्त र अभ्यास

**विष्णुप्रसाद अधिकारी**
उपसचिव, शैक्षिक गुणस्तर परीक्षण केन्द्र

**लेख सार**
**पाठ्यक्रम तथा शिक्षण सिकाइ प्रक्रियाको प्रभावकारिता मापन गर्ने मुख्य आधार मूल्याङ्कन हो। मूल्याङ्कनले समग्र शैक्षिक प्रणालीको कार्यक्षमता र कार्य प्रभावकारिताको अवस्था प्रदर्शन गर्छ। त्यसैले शैक्षिक प्रणालीलाई मजवुत र सुदृढ बनाउन मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका रहन्छ। मूल्याङ्कनलाई नियमित र निरन्तर प्रक्रिया मानिन्छ। तर हाम्रो शैक्षिक प्रणालीमा मूल्याङ्कनलाई आवधिक रूपमा हुने परीक्षाको पर्यायका रूपमा मात्र सीमित गरिँदा यसको सही प्रयोग हुन सकिरहेको छैन। यस समस्यालाई दृष्टिगत गरी शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा यसको प्रभावकारी प्रयोग गर्न गराउन निरन्तर विद्यार्थी मूल्याङ्कनलाई अगाडि सारिएको हो। यसको प्रभावकारी व्यवस्थापनका लागि विद्यालय सुधार योजना, राष्ट्रिय पाठ्यक्रम प्रारूपको मर्म अनुसार पाठ्यक्रममा समेत यसलाई व्यवस्थित गर्ने प्रयत्न गरियो। तर यसलाई अझ पनि सीमित राम्रा अभ्यास बाहेक कक्षाकोठाभित्र प्रवेश गराउन सकिएको छैन। त्यसैले यसलाई कक्षाकोठााको प्रत्येक क्रियाकलापका साथै कक्षाकोठा बाहिर विद्यार्थीले प्रदर्शन गर्ने व्यवहार समेतलाई आधार मानिन्छ। तर नीतिगत तथा कार्यक्रमका दृष्टिले प्रशस्त प्रयास गरिए पनि यसको कार्यान्वयनमा तत्परता तथा अनुगमन सुपरिवेक्षणगत कमीकमजोरी समेतका कारण यसले कक्षाकोठाभित्र सहज प्रवेश पाउन नसक्दा यो हात्तीको देखाउने दाँत जस्तो हुन गएको प्रतीत हुन्छ। त्यसैले विद्यालय शिक्षालाई नतिजामुखी र प्रभावकारी बनाउन निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्ग बनाउन जरुरी छ। यही परिप्रेक्ष्यमा यस लेखमा निरन्तर विद्यार्थी मूल्याङ्कनको अवधारणा र अभ्यासका साथै मौजुदा समस्या र समाधानका उपायका बारेमा विश्लेषण गर्ने प्रयास गरिएको छ।**

## १. निरन्तर विद्यार्थी मूल्याङ्कनको अवधारणा

पाठ्यक्रमद्वारा अपेक्षित उद्देश्यहरू के कति प्राप्त भए वा भएनन्, प्राप्त भएको भए के कति कस्तो अवस्थामा प्राप्त भए र प्राप्त नभएको भए के कति प्राप्त भएनन् भनेर लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कनले उद्देश्य प्राप्तिको अवस्थाको लेखाजोखा गर्दछ। यसरी लेखाजोखा गर्ने विभिन्न तरिका वा प्रक्रियामध्ये निरन्तर मूल्याङ्कन पनि एक हो। हरेक शिक्षण सिकाइ क्रियाकलापसँगै र आवश्यकतानुसार समय-समयमा गरिने मूल्याङ्कन निरन्तर विद्यार्थी मूल्याङ्कन हो। निरन्तर विद्यार्थी मूल्याङ्कन सुधारात्मक (Formative) उद्देश्यका लागि अपनाइन्छ। यो मूल्याङ्कन प्रक्रिया विद्यार्थीलाई कक्षा चढाउने कुराको निर्णय लिनुभन्दा पनि प्रभावकारी शिक्षण सिकाइका सन्दर्भमा बढी उपयोग गरिन्छ। निरन्तर विद्यार्थी मूल्याङ्कनले अनौपचारिक मूल्याङ्कनमा जोड दिन्छ। यस मूल्याङ्कन प्रक्रियामा कुनै पनि समयमा मूल्याङ्कनका विभिन्न माध्यम (लिखित, मौखिक प्रश्नोत्तर, अवलोकन विगतमा गरेका काम आदि) बाट विद्यार्थीको मूल्याङ्कन गरिन्छ।

विद्यार्थीको उपलब्धिको अवस्था थाहा पाई सोअनुसार शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्न आवश्यक सूचना तथा जानकारी प्राप्त गर्ने एउटा पद्धति हो विद्यार्थी मूल्याङ्कन। यसरी सूचना प्राप्त गरी कमजोर विद्यार्थीका समस्या पहिचान गरी सुधारात्मक शिक्षण गर्न तथा सक्षम विद्यार्थीलाई अझ अगाडि बढ्न प्रोत्साहन गर्ने कार्य निरन्तर विद्यार्थी मूल्याङ्कनले गर्दछ। तर कतिपयले यसलाई औपचारिक परीक्षा नलिई स्वतः कक्षा चढाउने पद्धति अर्थात् उदार कक्षोन्नति भनेर बुझ्ने गरेको पाइन्छ। उदार कक्षोन्नति भनेको विद्यार्थीको मूल्याङ्कन नगरी स्वतः पास गराउने पद्धति होइन। अघिल्लो कक्षामा नसिकेका कुराहरु यकिन गरी अर्को कक्षामा जाँदा अघिल्लो वर्ष प्राप्त गर्न नसकेका सिकाइ उपलब्धि पूरा गराउँदै उत्तीर्ण भएको कक्षाका सिकाइ उपलब्धि प्राप्त गर्ने गराउने पद्धति

हो । उदार कक्षोन्नति पद्धतिमा एक वर्षमा विद्यार्थीले सिक्नु पर्ने न्यूनतम कुरा के कति सिक्यो भनेर निर्क्योल गरी माथिल्लो कक्षामा चढाउने र तल्लो कक्षामा सिक्न नसकेका कुरा माथिल्लो कक्षामा गएर पनि सिकाउने गरी कक्षा चढाउदै लैजाने पद्धति हो । यस अर्थमा एक वर्षसम्म कुनै कक्षामा अध्ययन गरेका विद्यार्थीलाई माथिल्लो कक्षामा सहजै चढाउने नीति उदार कक्षोन्नति हो । यो निरन्तर मूल्याङ्कन पद्धतिमा आधारित हुन्छ । यसरी उदार कक्षोन्नति भनेको विद्यार्थी भर्ना गर्दै कक्षा चढाउने पद्धति नभई नजानेका वा सिकाइ स्तर कमजोर भएका बालबालिकालाई पनि थप अवसर दिएर सिकाउँदै कक्षा चढाउँदै लैजाने पद्धति हो । यो निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको एउटा अभिन्न अङ्ग हो । विद्यार्थीको उपलब्धिलाई दृष्टिगत गर्दै प्रभावकारी सिकाइको अवसर प्रदान गर्दै जाने पद्धति हो ।

२. **निरन्तर विद्यार्थी मूल्याङ्कन विधि/साधनहरू**

निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षणसिकाइ प्रक्रियासँगै चल्ने नियमित रूपमा गरिने पद्धति हो । शिक्षणसिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रिया सँगैसँगै अगाडि बढाउन विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप जस्तैः प्रश्नोत्तर, छलफल, अभिनय, नाटकीय प्रस्तुति, संवाद, प्रदर्शन, अवलोकन भ्रमण, कामको वास्तविक अभ्यास आदि विधिको प्रयोग गरिन्छ । यस्ता विधिबाट विद्यार्थीले सिकाइ क्रियाकलापमा देखाएको सहभागिता र दक्षता अवलोकन गरेर उनीहरूको निरन्तर मूल्याङ्कन गर्दै जानुपर्छ । मूल्याङ्कनको क्रममा विद्यार्थीका सिकाइउपलब्धिको लेखाजोखा गर्दै समस्याको पहिचान गर्नुपर्छ । विद्यार्थीको सिकाइ स्तरअनुसार फरकफरक तौरतरिका पनि प्रयोग गर्नुपर्छ । विद्यार्थीको निरन्तर मूल्याङ्कनका लागि आवश्यकतानुसार निम्नलिखित विधिहरू/साधनहरू अपनाउने गरिन्छ :

(क) **कक्षा कार्य (कक्षा सहभागिता)** : शिक्षण सिकाइको प्रमुख थलो नै कक्षाकोठा हो । कक्षा कार्यमा मूलत : शिक्षण सिकाइ क्रियाकलाप नै प्रमुख हो । प्रत्येक विद्यार्थीले के कसरी कक्षा कार्यमा भाग लिएका छन् र उनीहरूको सिकाइको अवस्था कस्तो छ भन्ने कुरा शिक्षकले ध्यान पुऱ्याउनुपर्छ भन्नु नै निरन्तर मूल्याङ्कनको मुख्य मर्म हो । यसका लागि कक्षाकार्य अन्तर्गत प्रश्नोत्तर, छलफल, समूह कार्य, व्यक्तिगत कार्य, कक्षामा प्रस्तुति लगायतका विभिन्न तरिकाको प्रयोग गरी विद्यार्थीको सिकाइको अवस्था कस्तो छ भन्ने कुरा यकिन गरेर रकेर्ड राख्न सकिन्छ ।

(ख) **अवलोकन** :अवलोकन विद्यार्थी मूल्याङ्कनको सजिलो एवम् सरल प्रक्रिया हो । अवलोकनबाट विद्यार्थीको ज्ञान, सिप, धारणा जस्ता धेरै पक्षको मूल्याङ्कन गर्न सकिन्छ । आचरण, व्यवहार, विभिन्न सिप र सरसफाइजस्ता कुरा अवलोकनबाट मात्र मूल्याङ्कन गर्न सम्भव छ । कक्षामा हुने क्रियाकलापमा विद्यार्थीले देखाउने रुचि, आत्मविश्वास, नेतृत्व, सहयोग, सक्रियता, निष्क्रियता आदि कुराको अवलोकनबाट विद्यार्थीले पहिले सिकेका कुरा र सिक्नुपर्ने कुराको अन्तर पत्ता लगाउन सकिन्छ । कुनै खास अवधिको शिक्षणसिकाइपछि विद्यार्थीको बानी व्यवहार अवलोकन गरेर उनीहरूको आचरणगत पक्षको मूल्याङ्कन गर्न सकिन्छ ।

(ग) **प्रश्नोत्तर र छलफल** : प्रश्नोत्तर पनि विद्यार्थी मूल्याङ्कनको सजिलो प्रक्रिया हो । यसबाट विद्यार्थीको मूल्याङ्कन गरी सिकाइमा सुधार गर्न सकिन्छ । प्रश्नोत्तर र छलफल कक्षाकार्यमै गर्न गराउन सकिन्छ । यसबाट विद्यार्थीले व्यक्त गरेका कुरा र उनीहरूको सक्रियता, प्रस्तुति र हाउभाउबाट उनीहरूको मूल्याङ्कन हुन सक्छ । यसबाट विशेषतः ज्ञान पक्षको मूल्याङ्कन हुन्छ ।

(घ) **परियोजना कार्य** :कुनै मुद्दा वा समस्यामा केन्द्रित भएर व्यावहारिक क्रियाकलाप गर्न गराउने कार्य परियोजनामा गरिन्छ । यसमा ज्ञानको विकास भन्दा क्रियाकलापमा बढी जोड दिइन्छ । बालबालिकालाई आवश्यक सामग्री वा समस्या दिई व्यावहारिक समस्या समाधानमा सक्रिय तुल्याउने कार्य यसमा हुने भएकाले यसबाट बालबालिकामा सिर्जनात्मक क्षमताको विकास हुन्छ । यसबाट व्यावहारिक ज्ञान सिप प्राप्त हुनुका साथै सिर्जनात्मक क्षमता अभिवृद्धिको मूल्याङ्कन गर्न सकिन्छ ।

(ङ) **व्यवहार परिवर्तन** :निरन्तर विद्यार्थीको अर्को मुख्य तरिका व्यवहार परिवर्तन पनि हो । सुरु प्रवेश गरेदेखि उसको व्यवहारमा के कस्तो परिवर्तन आयो, कक्षामा सिकाइका ज्ञान सिपलाई व्यवहारमा कसरी लिइरहेको छ भन्ने आधारमा विद्यार्थीमा भएको व्यवहार परिवर्तनलाई पनि ध्यान दिएर निरन्तर मूल्याङ्कन गर्न सकिन्छ । जस्तै : स्वास्थ्य शिक्षामा सफा रहनुपर्छ, नङ काट्नुपर्छ, फोहोर चलाउन हुन्न भन्ने जस्ता कुरा कत्तिको व्यवहारमा प्रयोग गर्दछ, आदि जस्ता तरिकाबाट निरन्तर मूल्याङ्कन गर्न सकिन्छ ।

(च) **सिर्जनात्मक कार्य** :कक्षा क्रियाकलाप एवं त्यस बाहेकका क्रियाकलापका माध्यमबाट विद्यार्थीको सिर्जनात्मक, रचनात्मक कार्यको मूल्याङ्कनबाट पनि निरन्तर मूल्याङ्कन गर्न सकिन्छ । जस्तैः गीत गाउने, कविता, कथा लेख्ने भन्ने, नाच्ने, संवाद, वादविवाद लगायतका साहित्यिक एवम् सहक्रियाकलापका कार्यमा विद्यार्थीको सक्रियता, उपलब्धि आदिका माध्यमबाट पनि विद्यार्थीको मूल्याङ्कन गर्नुपर्छ ।

(छ) **हाजिरी** : जुन विद्यार्थी नियमित रूपमा आउँछ, उसले मात्र कक्षाकोठा तथा विद्यालयका अन्य क्रियाकलापमा भाग लिने अवसर पाउँछ । तसर्थ नियमित नहुने विद्यार्थीको सिकाइ स्तर स्वाभाविक रूपमै कमजोर रहेको हुन्छ । तसर्थ हाजिरीलाई आधार लिएर विद्यार्थीको मूल्याङ्कन गर्ने एउटा तरिका पनि निरन्तर मूल्याङ्कन अन्तर्गत लिने गरिन्छ । नियमित विद्यालय आउन उत्प्रेरित गर्न, नियमित आउन नसक्नुको कारण पहिचान गरी त्यसको समाधानमा सघाउन पनि हाजिरीलाई आधार मान्ने गर्नुपर्दछ ।

(ज) **लिखित परीक्षा** : लिखित परीक्षाबाट विद्यार्थीको लेखाइ, ज्ञान पक्ष, सिप र धारणागत कुराको मूल्याङ्कन गर्न सकिन्छ । लिखित परीक्षा समय तोकेर कक्षामै वा गृहकार्यकै रूपमा पनि गराउन सकिन्छ । लिखित परीक्षा सबै विषयमा उपयोगी हुनसक्छ । तल्ला कक्षामा छोटो उत्तर आउने हिसाबले प्रश्नहरू निर्माण गरी लागु गर्न सके विद्यार्थीको धेरै पक्षको परिवर्तन ज्ञात हुन्छ ।

(झ) **कार्यसञ्चयिका (Portfolio) अध्ययन** : कार्यसञ्चयिका विद्यार्थीका लिखित कार्य, सिर्जनात्मक कार्य तथा रचनात्मक कार्य जस्ता कुराहरूको अभिलेख राख्ने फाइल हो । कार्यसञ्चयिका फाइलमा विद्यार्थीका लिखित काम तथा रचना पनि राख्न सकिन्छ । यस्ता कुराहरू विद्यार्थीका सिकाइ तथा प्रतिभाका प्रमाण (Artifact) हुन् । यसमा रहेका विद्यार्थीका नमुना कार्य (हस्तलिखित सामग्री, अभ्यास, ग्राफ, चार्ट, नक्सा, चित्र, निबन्ध, कथा, कविता आदि) शिक्षकले लेखेका टिप्पणी र प्रगति विवरण फारामबाट विद्यार्थीका विभिन्न पक्षको मूल्याङ्कन हुन सक्छ । विद्यार्थीले शिक्षण प्रक्रियामा सक्रिय रूपमा भाग लिए नलिएको ध्यान दिँदै पाठ्यक्रम तथा पाठयोजनाले अपेक्षा गरेका उद्देश्यहरू के कति मात्रामा प्राप्त भएका छन् भन्ने कुरा प्रत्येक विद्यार्थीको कक्षा कार्यको सहभागिताको अवस्थाबाट यकिन गरी सोअनुसार पाठ्यक्रमले तोकेको ढाँचामा प्रत्येक विद्यार्थीको रेकर्ड राखेर उसको सिकाइ उपलब्धिको प्राप्तिको अवस्था अनुसार अद्यावधिक गर्दै जानुपर्छ ।

(ञ) **आत्ममूल्याङ्कन** :आत्ममूल्याङ्कन भनेको विद्यार्थी स्वयम्ले आफूले सिकेका र सिक्न नसकेका कुराका बारेमा आफैँबाट गरिने लेखाजोखा हो । विद्यार्थीले आफ्नो बलिया र कमजोर पक्षहरूलाई उपयुक्त ढङ्गले पहिचान गरी समुचित विकासको योजनासमेत बनाउन सक्नु विद्यार्थीको आत्ममूल्याङ्कन हो । विद्यार्थीले यस बारेमा शिक्षकलाई जानकारी गराएमा शिक्षकले विद्यार्थी मूल्याङ्कनमा धेरै समय खर्च गर्नुपर्दैन ।

(ट) **साथी सङ्गति (सहपाठी) बाट हुने मूल्याङ्कन** :नजिकको साथीका बारेमा अर्को साथीलाई धेरै कुराको जानकारी हुन्छ । साथीसँगको हेलमेल र सहयोग बारेमा साथीहरूबाटै मूल्याङ्कन हुनुपर्दछ । साथीबिचमा पढाइका बारेमा हुने कुराकानी छलफलबाट एकआपसमा सिकेका र नसिकेका कुराका बारेमा जानकारी हुन्छ । त्यसैले शिक्षकले कहिलेकाहीँ कुनै विद्यार्थीको मूल्याङ्कन गर्दा उसको नजिक रहने अर्को विद्यार्थीसँग आवश्यक सूचना लिन पनि सकिन्छ ।

(ठ) **अभिभावक सम्पर्क र प्रतिक्रिया** :विद्यार्थीले विद्यालयमा सिकेका कुराको प्रतिफल घरपरिवारमा देखिन्छ । विद्यार्थीले बढी समय आफ्नै घरपरिवारसँग बिताउने भएकाले विद्यार्थीमा आएको व्यावहारिक परिवर्तन परिवारका सदस्यले महसुस गरेका हुन्छन् । त्यसैले अभिभावकसँग सम्पर्क गरेर पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । विद्यार्थीले अभिभावकलाई गर्ने सहयोग, उसको उठ्ने र सुत्ने समय, घरको काममा रुचि, छरछिमेकीसँगको सम्बन्ध, सरसफाइ अनुशासन, आज्ञाकारिता, सामाजिक कार्यमा सहभागिता आदिका बारेमा अभिभावकको प्रतिक्रिया लिएर पनि विद्यार्थीको मूल्याङ्कन हुन सक्छ । त्यसैले शिक्षकले विद्यार्थीको वास्तविक मूल्याङ्कनका लागि अभिभावकसँग पनि सम्पर्क गर्नुपर्ने हुन्छ ।

## ३. वर्तमान अवस्था

### ३.१ नीतिगत व्यवस्था

प्राथमिक शिक्षाको गुणात्मक विकास गर्न र प्राथमिक शिक्षा पूरा नगरी बिचैमा विद्यालय छाड्ने विद्यार्थी सङ्ख्या घटाउन आवधिक लिखित परीक्षा प्रणाली पनि बाधक भएको महसुस गरी नेपाल सरकार शिक्षा मन्त्रालयले नवौं योजनादेखि प्राथमिक तहका कक्षा १ देखि ३ सम्मका लागि परीक्षणका रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सुरुवात गरेको थियो । दसौं योजनाले आफ्नो कार्यक्रममा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई परीक्षण र अनुगमनका आधारमा कक्षा ५ सम्म लागु गर्ने कार्यक्रम राखेको थियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ ले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा स्थापित गरी उपचारात्मक प्रावधान समेत राखी गुणस्तर निश्चित गरेर कक्षा ७ सम्म क्रमशः उदार कक्षोन्नति लागु गर्ने नीति लिएको थियो । तीन वर्षीय अन्तरिम योजनाले गरेको व्यवस्था अनुसार चरणबद्ध रूपमा कक्षा ७ सम्म तोकिएको सिकाइ उपलब्धि सुनिश्चित गरी उदार कक्षोन्नति व्यवस्था लागु गर्ने र त्यसो गर्दा विद्यार्थीको उपलब्धिका आधारमा ग्रेडिङ गर्ने एवम् यसका लागि विद्यालयलाई आवश्यक सहयोग गर्ने नीति लिएको थियो । त्यसै गरी विद्यालय क्षेत्र सुधार कार्यक्रमले निरन्तर मूल्याङ्कन तथा उपचारात्मक सहयोग पद्धतिको कार्यान्वयन गर्ने नीति लिएको देखिन्छ । त्यस्तै सबैका लागि शिक्षा कार्यक्रमले शिक्षाको गुणस्तर बढाउनका लागि वार्षिक कक्षा परीक्षाको सट्टा सुधारात्मक मूल्याङ्कन प्रणाली अर्थात् निरन्तर विद्यार्थी मूल्याङ्कन व्यवस्थाबाट विद्यालय परीक्षा प्रणालीमा सुधार गर्ने रणनीति लिएको छ । यसै पृष्ठभूमिमा पाठ्यक्रम विकास केन्द्रले प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ लाई परिमार्जन गरी परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रमलाई शैक्षिक सत्र २०६३ देखि कक्षा १ बाट सुरु गरी क्रमश : देशभर लागु गरी शैक्षिक सत्र २०६७ मा कक्षा ५ सम्म लागु भएको छ । वर्तमान शैक्षिक नीति अनुसार कक्षा १ देखि ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन अपनाइने व्यवस्था अनुसार शैक्षिक सत्र २०७० देखि कमशः कक्षा ६ बाट लागु गरिएको छ ।

### ३.२. निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धमा पाठ्यक्रममा भएको व्यवस्था



**क) आधारभूत शिक्षा पाठ्यक्रम २०६२/२०६५ (कक्षा १-३/४-५)**

आधारभूत शिक्षा पाठ्यक्रम २०६२ (कक्षा १-३) मा विद्यार्थी मूल्याङ्कन सम्बन्धी व्यवस्था निम्नअनुसार रहेको छ :

१. प्राथमिक तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिनेछ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइस्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्नेछ ।

२. कक्षा १-३ का विद्यार्थीको कार्य सञ्चयिका (प्रगति विवरण/Portfolio) फाइल राखिनेछ । कार्य सञ्चयिका फाइललाई विद्यार्थीको कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तन अवलोकन, हाजिरी नियमितता आदिका माध्यमले

अद्यावधिक गरिनेछ ।

३. कक्षा १-३ मा निर्माणात्मक पद्धति का आधारमा विद्यार्थीको मूल्याङ्कन गरी उदार कक्षोन्नति नीति लागु गरिनेछ । यसका लागि निम्न साधनहरूको प्रयोग गर्नुपर्नेछ :
   (क) कक्षा सहभागिता/परियोजना कार्य
   (ख) गृहकार्य/कक्षा कार्य
   (ग) व्यवहार परिवर्तन
   (घ) हाजिरी
   (ङ) सिर्जनात्मक कार्य
४. कक्षा १-३ मा उदार कक्षोन्नति गरिने भएकाले उत्तीर्णाङ्क तोकिएको छैन । कक्षा ४ र ५ मा हरेक विषयको उत्तीर्णाङ्क ४० प्रतिशत हुनेछ ।
५. उदार कक्षोन्नतिको मुख्य ध्येय शैक्षिक सत्रभरिको शिक्षण सिकाइ क्रियाकलापमा सरिक भइसकेका विद्यार्थीहरूलाई प्रोत्साहन स्वरूप उनीहरूकै व्यवहार परिवर्तनलाई आधार मानी कक्षोन्नति गर्नु हो ।
६. कक्षा १-३ मा विद्यार्थीले गरेको प्रगतिका आधारमा उनीहरूलाई **क** देखि **ग** श्रेणीमा वर्गीकरण गरिनेछ ।
७. कक्षा ४ र ५ मा निर्माणात्मक र निर्णयात्मक पद्धति बाट विद्यार्थीको प्रगतिको लेखाजोखा गरिनेछ ।
८. विविध सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्नेछ ।

**(ख) निम्न माध्यमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन**

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ तथा विद्यालय क्षेत्र सुधार योजना (SSRP) ले कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति लागु गर्न निर्देश गरे अनुसार साविकको निमावि तहको पाठ्यक्रममा परिमार्जन गरी निमावि तहमा पनि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया अवलम्बन गर्ने व्यवस्था गरिएको छ । आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६९ मा विद्यार्थी मूल्याङ्कनका बारेमा भएको व्यवस्था यस प्रकार छ :

१. आधारभूत तहमा निर्णयात्मक पद्धतिभन्दा बढी निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गर्नुपर्ने छ । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटकपटक सिकाइअवसर प्रदान गर्नुपर्ने छ ।
२. विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गर्न विद्यार्थीको व्यक्तिगत प्रगति विवरण फायल राख्नुपर्ने छ । यसलाई विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, गृहकार्य, उपलब्धि परीक्षा, हाजिरी, अनुशासन, व्यावहारिक परिवर्तनको अवलोकन आदिका माध्यमले अद्यावधिक गर्नुपर्ने छ ।
३. विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य निर्दिष्ट सक्षमताका आधारमा विद्यार्थी उपलब्धिको नियमित मूल्याङ्कन गरी सोको अभिलेखका आधारमा कक्षोन्नति गर्नु हो । विद्यार्थी मूल्याङ्कनका क्रममा विद्यार्थीको सिकाइ उपलब्धिको वास्तविक अवस्था पहिचान गरी सुधारात्मक शिक्षण गर्नुपर्ने छ ।
४. आधारभूत तह (कक्षा ६ र ७) मा ६० प्रतिशत भारको आवधिक मूल्याङ्कन र ४० प्रतिशत भारको निरन्तर मूल्याङ्कनका माध्यमले विद्यार्थी उपलब्धिको लेखाजोखा गर्नुपर्ने छ । निरन्तर मूल्याङ्कनअन्तर्गत प्रयोगात्मक कार्य, विद्यार्थीको कक्षा सहभागिता, सिकाइ व्यवहारमा आएको परिवर्तन, सिकाइसम्बद्ध सिर्जनात्मक कार्यहरू आदि पर्ने छन् । यस्तो मूल्याङ्कन गर्दा विद्यार्थीले गरेको प्रगतिका आधारमा उनीहरूलाई क, ख र ग श्रेणीमा वर्गीकरण गर्नुपर्ने छ ।
५. आधारभूत तहको अन्तमा जिल्लास्तरीय परीक्षा सञ्चालन गरिने छ । उक्त परीक्षाको उत्तीर्णाङ्क

४० प्रतिशत हुने छ । यसका लागि विशिष्टीकरण तालिका निर्माण गरिने छ । कक्षा ६ र ७ मा आवधिक मूल्याङ्कन (लिखित र प्रयोगात्मक) र प्रयोगात्मक कार्य तथा सक्षमता प्राप्तिको अवस्था आकलन दुवै मूल्याङ्कनमा अलग अलग उत्तीर्ण हुनुपर्ने छ । प्रयोगात्मक कार्य तथा सक्षमता प्राप्तिको अवस्था आकलनतर्फ अक्षराङ्क पद्धतिबाट अभिलेखीकरण गर्ने व्यवस्था छ । विद्यार्थीले दिएको जवाफ वा गरेको कार्य पूर्णरूपमा मिलेकामा वा अधिकांश मिलेमा वा मापन गर्न खोजिएको विषयवस्तुलाई शतप्रतिशत मान्दा त्यसको ८० प्रतिशतभन्दा माथिल्लो उपलब्धि हासिल गरेमा **क** दिएको जवाफ वा गरेको कार्य औसतभन्दा बढी मिलेकामा वा मापन गर्न खोजिएको विषयवस्तुलाई शतप्रतिशत मान्दा त्यसको ६० देखि ७९ प्रतिशतसम्मको उपलब्धि हासिल गरेमा **ख** दिएको जवाफ वा गरेको कार्य औसतभन्दा कम मिलेकोमा वा मापन गर्न खोजिएको विषयवस्तुलाई शतप्रतिशत मान्दा त्यसको ४० देखि ५९ प्रतिशतसम्मको उपलब्धि हासिल गरेमा **ग** श्रेणी निर्धारण गरिने छ । यस्तो श्रेणी निर्धारण गर्न निश्चित आधार वा मापदण्ड तयार गर्नुपर्ने छ । कक्षा उत्तीर्ण हुन प्रयोगात्मक कार्य तथा सक्षमता प्राप्तिको अवस्था आकलनतर्फ न्यूनतम **ग** श्रेणी प्राप्त गर्नुपर्ने छ । पाठ्यक्रमले तोकेका सक्षमता र सिकाइ उपलब्धिमा **ग** श्रेणीभन्दा कम उपलब्धि हासिल गर्ने विद्यार्थीका लागि सुधारात्मक शिक्षणको व्यवस्था गर्नुपर्ने छ ।

### ४. **समस्या**

नेपालको शैक्षिक प्रक्रिया निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्ग बनाउन नसक्दा यो सैद्धान्तिक रूपमै मात्र सीमित रहेको प्रतीत हुन्छ । नवौं योजना (२०५४) देखि परीक्षण गर्दै शैक्षिक सत्र २०६३ देखि औपचारिक रूपमा कक्षा १ वाट क्रमशः लागु गर्दै शैक्षिक सत्र २०६३ देखि औपचारिक रूपमा कक्षा १ वाट क्रमशः लागु गरिएको निरन्तर विद्यार्थी मूल्याङ्कन पाठ्यक्रममा मात्र सीमित रहेको र कक्षाकोठाको शिक्षण सिकाइ प्रक्रियामा समाहित हुन सकेको देखिँदैन । शैक्षिक सत्र २०६३ कक्षा १ बाट प्रारम्भ भई २०६७ सम्ममा कक्षा ५ सम्म लागु भइसके पनि यो व्यवस्था प्रभावकारी हुन सकिरहेको छैन । कक्षा ५ सम्मको अनुभवका आधारमा कार्यान्वयन प्रभावकारिताको अध्ययन विना पुनः कक्षा ६ र ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया लागु गरिनु व्यावहारिक दृष्टिले उपयुक्त देखिदैन । जुन अभिप्राय र उद्देश्यले यो मूल्याङ्कन प्रक्रिया लागु गरिएको हो त्यो उद्देश्य नै प्राप्त नहुनुका विभिन्न कारण र समस्याहरु रहेका छन् । समग्रमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया प्रभावकारी नहुनुमा निम्नलिखित समस्याहरु रहेको पाइन्छ :

१. **पाठ्यक्रम सैद्धान्तिक भएको र कार्यान्वयनका व्यावहारिक तरिका र ढाँचा दिन नसक्नु** : पाठ्यक्रमले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई सैद्धान्तिक रूपमा प्रस्तुत गरेको र त्यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने व्यावहारिक तौर तरिकाहरु र ढाँचा प्रस्तुत गर्न सकेको पाइँदैन । त्यस्तै स्थानीय परिवेश तथा विषयको प्रकृति र स्वरूप अनुरूप कार्यान्वयन गर्ने तौरतरिका स्पष्ट बनाउन नसक्नु पनि पाठ्यक्रमको कमजोरी हो ।

२. **प्रवोधीकरण कार्य प्रभावकारी नहुनु** : निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया व्यवहारमा उतार्न नसकिनुको सबैभन्दा ठूलो कमजोरी यसको सैद्धान्तिक अवधारणा र प्रयोग गर्ने तरिकाका बारेमा कार्यान्वयन अगाडि सबै शिक्षकलाई प्रभावकारी रूपमा प्रवोधीकरण गर्न नसकिनु हो । लागु गर्नु अगाडि यो के हो ? यसलाई कसरी प्रभावकारी रूपमा प्रयोग गर्ने ? आदि पक्षका बारेमा कार्यान्वयनकर्ता शिक्षकलाई बुझाउनु पर्नेमा सो कार्य प्रभावकारी नभएकाले यसका वास्तविक मर्म र भावना शिक्षकसम्म पुग्न नसक्नाले कार्यान्वयनमा कठिनाइ आएको देखिन्छ ।

३. **क्षमता विकास नगरिनु** : शिक्षक तालिमका पाठ्यक्रममा निरन्तर विद्यार्थी मूल्याङ्कनका बारेमा समावेश गरिएको भए पनि यसको व्यावहारिक प्रयोगका बारेमा शिक्षकलाई तालिमका माध्यम उपयुक्त ज्ञान, सिप प्रदान गर्न सकिएको छैन । शिक्षकमा यसका बारेमा उपयुक्त ज्ञान, सिपको अभावमा यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको पाइन्छ ।

४. **अनुगमन र सुपरिवेक्षणको अभाव** : निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग अपेक्षित रूपमा भए नभएको बारेमा नियमित रूपमा अनुगमन र सुपरिवेक्षण गरी कार्यान्वयन वातावरण सिर्जना गर्दै कार्यान्वयनका लागि सहजीकरण गर्ने कार्य पटक्कै हुन सकेन । कार्यान्वयन गर्न चाहनेले पनि आवश्यक सहयोग र सहजीकरणको अभावमा कार्यान्वयन गर्न पाएका छैनन् ।

५. **साधन स्रोतको अभाव** : निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गर्नका लागि आर्थिक तथा प्राविधिक साधन स्रोतको आवश्यकता पर्छ । त्यस्तै निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोग गर्ने तरिकाका बारेमा क्षमता विकास गर्न छोटो अवधिका अभिमुखीकरण तालिम आदिका लागि पनि आर्थिक स्रोत अभाव रहेकाले पनि यसको कार्यान्वयनमा कठिनाइ आएको पाइन्छ ।

६. **अत्यधिक कार्य बोझः** अधिकांश विद्यालयमा पर्याप्त शिक्षक दरवन्दी नभएकाले एउटा शिक्षकले हप्तामा ३५-३९ पिरियड सम्म पढाउनु पर्दा कार्यबोझका कारण सिर्जनात्मक रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोगमा ल्याउन कठिनाइ परेको छ । त्यसलाई व्यावाहारिक रूपममा लागु गर्न बढी समय खर्चनु पर्ने तर शिक्षकलाई बढी कार्यबोझ हुँदा कार्यान्वयनमा कठिनाइ पर्छ । यद्यपि यसको वास्तविक मर्म बोध गराउन नसक्दा पर्याप्त शिक्षक दरबन्दी भएको र कम कार्यबोझ भएको विद्यालयमा पनि कार्यान्वयनमा आउन सकेको देखिँदैन ।

७. **शिक्षकमा कार्य तत्परता र जवाफदेहीपनको अभाव** : निरन्तर विद्यार्थी मूल्याङ्कन लागु गर्ने व्यवस्था भएपछि यसलाई जसरी भए पनि व्यवहारमा ल्याउनका लागि शिक्षकमा कार्य तत्परता र प्रतिबद्धताको कमी हुनु पनि कार्यान्वयन प्रभावकारी नहुनुको एउटा मुख्य कडी हो । यो सैद्धान्तिक कुरामात्र हो र नेपालको परिवेशमा यो कार्यान्वयन गर्न सकिँदैन भन्ने भ्रमपूर्ण विचार पालेर शिक्षकहरु यसलाई सिक्दै गर्दै (Doing by Learning) को प्रयास गर्न तत्पर रहेको पाइँदैन । कमसेकम जे जस्तो अवस्थामा भए पनि गर्दै जादाँ यसलाई प्रयोगमा ल्याउन सकिन्थ्यो तर जवाफदेहिताको परिपालनाको अभावमा यो कार्यान्वयन हुन कठिन हुन गएको पाइन्छ ।

८. **भ्रमपूर्ण प्रचार र बुझाइ** : निरन्तर विद्यार्थी मूल्याङ्कन भनेको जाँच नलिई स्वतः कक्षा चढाउँदै लैजाने परिपाटी हो भन्ने भ्रमपूर्ण प्रचार र बुझाइले पनि यसको कार्यान्वयनमा कठिनाइ आएको छ । नीतिगत तहदेखि कार्यान्वयनकर्ता सम्मका सरोकारवाला र अभिभावक समेतमा निरन्तर मूल्याङ्कन भनेको जाँच नलिने र स्वतः उत्तीर्ण गर्ने कार्य हो भन्ने भ्रम छ । जवसम्म यसको वास्तविक मर्म भावना बुझाउन सकिन्न तवसम्म यसलाई कार्यान्वयनमा लैजान विभिन्न तगाराहरु आइपर्छन् ।

९. **अभिलेख साधन सरल नहुनु** : निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोगमा ल्याउन पाठ्यक्रमद्वारा निर्मित फाराम आदि अभिलेख साधन सरल र व्यावहारीक नहुनु पनि कार्यान्वयनको कठिनाइ हो । शिक्षकले सजिलै बुझ्ने र प्रयोगमा ल्याउने फारामहरु सजिला र व्यावहारिक हुन नसकेको शिक्षकको गुनासो रहेको छ । त्यस्तै साधन प्रयोगमा विविधता ल्याउन पनि सकिएको छैन ।

## ५. समस्या समाधानका उपायहरू

माथि उल्लिखित समस्या समाधान गर्न मूल्याङ्कनलाई पठनपाठनका साथै वर्षभरिमा नै चलिरहने एउटा नियमित सकारात्मक शैक्षिक क्रियाकलापका रूपमा लिइनुपर्छ । साथै निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाको एउटा अभिन्न अङ्ग बनाउनुपर्दछ । जेहोस् माथि उल्लिखित मूल्याङ्कनका समस्याहरू समाधान गर्न निम्न उपाय अपनाई सुधार गर्न सकिन्छ :

(क) **पाठ्यक्रममा स्पष्ट ढाँचा र तरिकाको व्यवस्था गर्ने** : निरन्तर विद्यार्थी मूल्याङ्कनको वास्तविक मर्म अभिप्राय र यसका विधि र साधनलाई पाठ्यक्रममा स्पष्ट, व्यावहारिक र शिक्षकमैत्री ढङ्गले समावेश गर्नुपर्ने ।

(ख) **प्रवोधीकरण गर्ने** : निरन्तर मूल्याङ्कनको प्रयोगका बारेमा पाठ्यक्रम लागू हुनुपूर्व नै सबै शिक्षकलाई सघन रूपमा प्रवोधीकरण गर्नुपर्ने ।

(ग) **शिक्षकलाई शिक्षासम्बन्धी आधारभूत ज्ञान र तालिम दिइनुपर्ने** : शिक्षकलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भनेको के हो ? यो कसरी गर्नुपर्छ ? यसका साधन के-के हुन् ? मूल्याङ्कनको प्रयोग र व्याख्या कसरी गर्ने ? आदि बारेमा शिक्षकलाई समय-समयमा आधारभूत ज्ञान र तालिम दिनुपर्छ । यसो गर्न सकेमा उनीहरूले निरन्तर मूल्याङ्कनको सही प्रयोग गर्न सक्छन् ।

(घ) **क्षमता विकास गर्ने** : निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनमा ल्याउन नीतिगत तहदेखि कार्यान्वयन तहका शिक्षकसम्म यसका बारेमा ज्ञान, सिप प्रदान क्षमता विकास गर्नुपर्ने ।

(ङ) **कार्यबोझ सहज बनाउने** : अत्यधिक कार्यबोझ भएका शिक्षकलाई यसलाई व्यवहारमा ल्याउन समय व्यवस्थापन गर्न भ्याउने गरी कार्यबोझ दिनुपर्ने ।

(च) **कार्यतत्परता र जवाफदेहिताको परिपालना गराउने** :अनुगमन र सुपरिवेक्षणबाट शिक्षकलाई सहजीकरण गरेर यसलाई कार्यान्वयन गर्न शिक्षकलाई उत्प्रेरित गर्दै कार्य जिम्मेवारीप्रति सजग गराउनु पर्ने ।

(छ) **वास्तविकता वोध गराउने** : निरन्तर मूल्याङ्कन भनेको उदार कक्षोन्नति गरी स्वतः कक्षा चढाउने परिपाटी हो भन्ने भ्रमपूर्ण विचार र बुझाइलाई चिर्न विभिन्न प्रचारात्मक कार्यक्रम आयोजना गर्नुपर्ने र सोअनुसार कार्यान्वयन गर्ने कार्य वातावरण तयार गर्नुपर्ने र अभिभावक तथा विद्यार्थीलाई पनि यसको वास्तविक राम्रो पक्षका बारेमा बोध गराउनु पर्ने ।

(ज) **पठनपाठनलाई उद्देश्यमुखी बनाउने** : पठनपाठनलाई परीक्षामुखी नबनाई उद्देश्यमुखी बनाउनुपर्छ । हरेक पाठ शिक्षण गर्दा पाठ्यक्रमद्वारा अपेक्षित उद्देश्यहरू के कति प्राप्त भए वा भएनन्, प्राप्त भएको भए के कति कस्तो अवस्थामा प्राप्त भए र प्राप्त नभएको भए के कति प्राप्त भएनन् भनेर लेखा जोखा गरी शिक्षण सिकाइ क्रियाकलापमार्फत मूल्याङ्कन गरिने परिपाटीको सुरुवात गर्न आवश्यक हुने ।

(झ) **मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्ग बनाउने** : हाम्रा विद्यालयमा मूल्याङ्कन भनेको परीक्षा हो भन्ने सोचाइ छ । वास्तवमा मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापको एक अभिन्न अङ्ग हो । तसर्थ मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापसँग प्रयोग गरेरमात्र वास्तविक मूल्याङ्कन हुन सक्छ ।

(ञ) **मूल्याङ्कनका सबै साधनहरूको प्रयोग गर्ने** : हाम्रा विद्यालयहरूमा परीक्षालाई मात्र मूल्याङ्कनका साधनका रूपमा लिने चलन छ । तर विद्यार्थीको चौतर्फी मूल्याङ्कन गर्नका लागि परीक्षालगायत मूल्याङ्कनका अन्य साधनको प्रयोग गर्नुपर्दछ । यसका लागि कक्षाकार्य (कक्षा सहभागिता), अवलोकन, प्रश्नोत्तर र छलफल, परियोजना कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरी, लिखित परीक्षा, कार्यसञ्चयिका (Portfolio) अध्ययन, अभिभावक सम्पर्क र प्रतिक्रिया जस्ता कार्यबाट विद्यार्थीको चौतर्फी मूल्याङ्कन गर्नुपर्दछ ।

(ट) **अभिभावक सक्रियता बढाउने** : आफ्ना छोराछोरी र भाइबहिनीको पढाइ, लेखाइ अभिभावकले पनि शिक्षकसँग सोधपुछ गरेर कमी-कमजोरी औंल्याउने र सुधारका निम्ति शिक्षकसँग मिलेर प्रयत्न गर्नुपर्छ। शिक्षक-अभिभावकबिच बारबार प्रतिक्रिया गर्ने, दुवै थरी बसेर विद्यार्थी उपलब्धिको विश्लेषण गर्नुपर्छ।

(ठ) **आवश्यक स्रोत साधनको व्यवस्था गर्नुपर्ने** : निरन्तर मूल्याङ्कन गर्न र सबै खाले मूल्याङ्कनका साधनको प्रयोग गर्नका लागि आर्थिकलगायत अन्य स्रोत र साधन तथा विशेषज्ञ आवश्यक पर्न सक्छन् । त्यसका लागि सरकार, विद्यालय र नागरिक समाज एवं अभिभावक मिलेर उचित साधन र स्रोत जुटाउनुपर्छ । बिना स्रोत र साधन बिना निरन्तर मूल्याङ्कन प्रणाली अपनाउन कठिनाइ हुन्छ ।

(ड) **परीक्षाफलको विश्लेषण र प्रयोग गर्ने** : मूल्याङ्कन गरेपछि त्यसको नतिजाको विश्लेषण गर्नुपर्छ । कुन-कुन उद्देश्य प्राप्ति भए, कुन-कुन हुन सकेनन्, के-कस्ता कमी-कमजोरी भए, कुन-कुन सबल पक्ष रहे आदि बारेमा शिक्षक-शिक्षक तथा शिक्षक-अभिभावक बिचमा छलफल गर्न आवश्यक हुन्छ । त्यसरी परीक्षाफलको विश्लेषणबाट सूचना प्राप्त गरी कमजोर

विद्यार्थीका समस्या पहिचान गरी सुधारात्मक शिक्षण गर्न तथा सक्षम विद्यार्थीलाई अझ अगाडि बढ्न प्रोत्साहन गर्नुपर्छ ।

(ढ) **नियमित अनुगमन र सुपरीवेक्षण गर्ने** : मूल्याङ्कन सही रूपमा भए/नभएको बारेमा विद्यालय निरीक्षण, स्रोत व्यक्ति, अभिभावक, जि.शि.अ. र क्षे.शि. निर्देशकबाट नियमित अनुगमन गर्नुपर्दछ। सही रूपमा अनुगमन र सुपरीवेक्षण गर्न सकेमा शिक्षक सही मूल्याङ्कन गर्न उत्प्रेरित पनि हुन्छन् ।

(ण) **समन्वय कायम गरिनुपर्ने** : शिक्षाले राखेका उद्देश्य प्राप्तिका लागि मूल्याङ्कनको प्रयोग गर्नुपर्दा पाठ्यक्रम बनाउने संस्था, परीक्षा नियन्त्रण कार्यालय, शिक्षासँग सम्बन्धित कार्यालय, विद्यालय र अभिभावकबिच समन्वयको आवश्यकता हुन्छ। यी संस्था र शिक्षक एवं अभिभावकको संयुक्त प्रयासबाट मात्र राम्रो निरन्तर मूल्याङ्कन गर्न सकिने हुँदा समन्वय कायम गरिनुपर्छ ।

माथिका प्रयासद्वारा निरन्तर मूल्याङ्कनमा आउने समस्या समाधान गर्न सकिन्छ। तर पनि सबैभन्दा महत्वपूर्ण भूमिका शिक्षकवर्गको नै हुन्छ। शिक्षकले हेलचक्र्याइँ गर्दा अरू सबैको प्रयास निरर्थक हुन जान्छ। तसर्थ निरन्तर मूल्याङ्कन कार्यमा शिक्षकले माथिका सबै कुराप्रति विशेष ध्यान दिनुपर्छ।

## ६. निष्कर्ष

नेपालमा निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता दिनप्रतिदिन खड्किँदै गइरहेको छ। सरकार र अभिभावकले शिक्षामा गरेको लगानीलाई फलदायी बनाउनु परेको छ। आधारभूत शिक्षाका सिकाइ बाल मैत्री हुन नसकेकाले विशेषत: तल्ला कक्षामा कक्षा दोहोऱ्याउने र बिचैमा पढाइ छोड्ने विद्यार्थीहरूको सङ्ख्या अधिक रहने गरेको छ। परिणामस्वरूप तोकिएको समयभन्दा ढिलो र थोरै विद्यार्थीले मात्र तह पूरा गर्ने गरेका छन्। विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर उपचारात्मक शिक्षणसिकाइ प्रक्रियाबाट मात्र यसप्रकारको क्षतिलाई नियन्त्रण गर्न सकिन्छ भन्ने दृष्टिकोणबाट नेपाल सरकारले हाल आधारभूत शिक्षाको कक्षा १-७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन लागु गरेको छ। शैक्षिक सत्र २०७० देखि आधारभूत तहको कक्षा ६ देखि क्रमश लागु भएको र २०७१ सालमा कक्षा सातसम्म लागु गरिएको छ।

निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षणसिकाइ प्रक्रियासँगै चल्ने पद्धति हो। प्रभावकारी शिक्षणसिकाइका लागि शिक्षणसिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई अलग गर्न सकिँदैन। तर व्यवहारमा यस प्रकारको अभ्यास नहुँदा यसको उपादेयतामाथि नै प्रश्न उठ्ने गरेको छ। यसलाई प्रभावकारी बनाउन शिक्षणसिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रिया सँगसँगै अगाडि बढाउन विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप परीक्षालगायत मूल्याङ्कनका अन्य साधनको प्रयोग गर्नुपर्दछ। यसका लागि कक्षाकार्य (कक्षा सहभागिता), अवलोकन, प्रश्नोत्तर र छलफल, परियोजना कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरी, लिखित परीक्षा, कार्यसञ्चयिका (Portfolio) अध्ययन, अभिभावक सम्पर्क र प्रतिक्रिया, सिकाइ क्रियाकलापमा देखाएको सहभागिता र दक्षता अवलोकन गरेर उनीहरूको निरन्तर मूल्याङ्कन गर्दै जानुपर्छ। मूल्याङ्कनको क्रममा विद्यार्थीका सिकाइ समस्याको पहिचान गर्नुपर्छ। विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलापबाट शिक्षकले विद्यार्थीको सिकाइ स्तर पत्ता लगाएर तत्कालै आवश्यक सहयोग गर्नुपर्दछ। यसबाट शिक्षणसिकाइ प्रभावकारी हुन्छ। यसका लागि शिक्षकको क्षमताविकास, प्रभावकारी सुपरिवेक्षण, सहजीकरण एवम् समग्र सरोकारवालाहरूलाई यसतर्फ केन्द्रित गर्नुपर्छ। कार्यतत्परता, जवाफदेहिता, पेसाप्रति सकारात्मक सोचका साथ यसलाई अभियानकै रूपमा कक्षाकोठाभित्र अभ्यास गर्न नसक्दासम्म यसले प्रभावकारिता पाउन सक्ने देखिँदैन। अभियानका रूपमा लैजान नीतिगत, कार्यक्रमगत मोडालिटीमा परिवर्तन गर्दै उपयुक्त साधन स्रोतको परिचालन गर्दै प्रभावकारी कार्यान्वयन, अनुगमन र सुपरिवेक्षण गर्न सकिएमा यसको उपादेयता पुष्टि हुन सक्छ। साथै सरोकारवालाले कार्यसम्पादन मूल्याङ्कन लगायत वृत्ति विकासका कार्यलाई यससँग जोड्न सकिएमा यसको प्रभावकारिता अभिवृद्धि हुन जाने देखिन्छ।